बैठक नं: ०७

रामग्राम नगरपालिकाको मिति २०७९।०३।१५ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

प्रस्ताव नं. १ : अनुगमन तथा सहजिकरण समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. २ : आवासको लागि नामावली स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं. ३ : म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. ४ : औषधी उपचार खर्च सम्बन्धमा ।
प्रस्ताव नं. ५ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीम मामिला तथा सामान्य प्रसासन मन्त्रालयको च.न. १५९, मिति २०७८/०७/२५ को पत्र तथा अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ को सुचना अनुसार कोभिड १९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अति विपन्न परिवारलाई रू १०,०००।०० ( दश हजार ) को दरले नगद अनुदान प्रदान गर्ने उदेश्यले "कोभिड १९ को महामारीबाट प्रभावीत अति विपन्न गरिब परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८" बमोजिम सम्बन्धित स्थानिय तहले १५ दिन भित्र आफु स्थायी वा अस्थाई (न्यूनतम विगत ६ महिनादेखी) रूपमा बस्दै आएको स्थानिय तहको सम्बन्धीत वडा कार्यालयमा अनुसुची २ बमोजिम ढाँचामा निवेदन पेश गर्न भनिएकोमा सोही बमोजिम सुचनाको अवधि भित्र वडा कार्यालयहरूबाट प्राप्त भएको कागजातहरू "कोभिड १९ को महामारीबाट प्रभावीत अति विपन्न गरिब परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८" को दफा ३ बमोजिम लाभग्राही छनोट गर्नको लागि दफा ८ बमोजिम ४ सदस्य अनुगमन तथा सहजिकरण समिती गठन गर्नुपर्ने भएकोले सो समितिमा तपसिलका सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल :

(कार्यपालिकाको वडा अध्यक्ष बाहेकका २ जना कार्यपालिका सदस्य )
१. श्री नानु कुमारी थापा खड्का - सदस्य
२. श्री बच्ची कहार - सदस्य

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा सशर्त अनुदान तर्फ तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत विपन्न समुदायको लागि सामुहिक आवास भवन निर्माण कार्यक्रमको लागि रु.३०,००,०००।- (अक्षेरुपी तिस लाख मात्र) बजेट बिनियोजन रहेकोमा उक्त कार्यक्रमबाट रामग्राम नगरपालिका वडा नं. १२ को वडा समितिको निर्णयानुसार तपसिल उल्लेखित ८ जना विपन्न परिवारको नामावली निर्णय भई आएकोमा उक्त परिवारको घर आवास निर्माण गर्न लागत ईष्टिमेट समेत तयार भईसकेको सो योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क्र.सं. | नाम थर | नागरिकता प्रमाणपत्र नं. | ठेगाना |
| --- | --- | --- | --- |
| १ | लक्ष्मी चौधरी | ६३३ | रामग्राम न.पा. वडा नं. १२ |
| २ | रेश्मी कहार | ३६१०७२०५५५८ | रामग्राम न.पा. वडा नं. १२ |
| ३ | अजोधा केवट | १५६६७ | रामग्राम न.पा. वडा नं. १२ |
| ४ | राम सतन कहार | ५६८५३ | रामग्राम न.पा. वडा नं. १२ |
| ५ | फुलरानी देवी थारु | १४२७६ | रामग्राम न.पा. वडा नं. १२ |
| ६ | रामप्रित चमार | ४८२४ | रामग्राम न.पा. वडा नं. १२ |
| ७ | गणेश हरिजन | | रामग्राम न.पा. वडा नं. १२ |
| ८ | सुरेश पासी | | रामग्राम न.पा. वडा नं. १२ |

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकामा चालु आ.व. ०७८/०७९ मा उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति लगायत अन्य संस्थाहरुसँग योजना सम्झौता भएका तर सम्झौतामा उल्लेख अवधि/म्याद भित्र योजना सम्पन्न हुन नसक्ने भनि म्याद थपको लागि निवेदन पेश भएका/हुने योजनाहरुको म्याद २०७९।०३।२८ गते सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण संयोजकको रुपमा कार्यरत दुर्गा उपाध्याय घिमिरे कार्यालयको कामको शिलशिलामा वडा नं. १५ को वडा कार्यालय अगाडी दुर्घटनाको कारण **Head Injury** भई औषधी उपचारको क्रममा क्रिम्सन हस्पिटल मणिग्राममा भर्ना रहेको तथा औषधी उपचार सहयोगको लागि निवेदन प्राप्त भई आएकोले रामग्राम नगरपालिकाको अनुदान तथा आर्थिक सहायता कार्यविधि २०७८ दफा ८.४ को उपदफा (छ) बमोजिम आर्थिक उपचार सम्बन्धी आर्थिक सहायताको राशि रु.२५ हजार भन्दा बढी हुनेछैन र सो भन्दा बढी आर्थिक सहायता दिनपर्ने भएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ भनी व्यवस्था भए निज दुर्गा उपाध्याय घिमिरे उपाध्यायलाई औषधी उपचार खर्च स्वरुप रु. १ लाख सम्म/भित्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

Scanned with CamScanner